मिति २०७५।०१।३०

आज मिति २०७५।०१।३० गतेका दिन दिउँसो १.०० बजे नेपालको संविधानको धारा २१६ अनुसार गठित इलाम नगरपालिका, नगर कार्यपालिकाको बैठक प्रमुख श्री महेश बस्नेतज्यूको अध्यक्षतामा देहायका कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा बैठक निम्नानुसार बसी निम्नानुसार निर्णय गरियो ।

**उपस्थिति**

| | |
|---|---|
| प्रमुख श्री महेश बस्नेत | दस्तखत |
| का. पा. स., उप प्रमुख श्री सुशिला नेम्वाङ्ग | दस्तखत |
| का. पा. स., वडाध्यक्ष श्री अम्बिका प्रसाद गौतम | दस्तखत |
| का. पा. स., वडाध्यक्ष श्री नारदप्रसाद लम्साल | दस्तखत |
| का. पा. स., वडाध्यक्ष श्री तीर्थराज गुरुङ्ग | दस्तखत |
| का. पा. स., वडाध्यक्ष श्री नूतनदेव दुलाल | दस्तखत |
| का. पा. स., वडाध्यक्ष श्री ठाकुरनारायण श्रेष्ठ | दस्तखत |
| का. पा. स., वडाध्यक्ष श्री माधवप्रसाद भट्टराई | दस्तखत |
| का. पा. स., वडाध्यक्ष श्री नरेश श्रेष्ठ | दस्तखत |
| का. पा. स., वडाध्यक्ष श्री होमबहादुर बस्नेत | दस्तखत |
| का. पा. स., वडाध्यक्ष श्री श्यामकृष्ण घिमिरे | दस्तखत |
| का. पा. स., वडाध्यक्ष श्री रोमबहादुर लुङ्गेली | दस्तखत |
| का. पा. स., वडाध्यक्ष श्री रवीन एक्तेन | दस्तखत |
| का. पा. स., वडाध्यक्ष श्री लाखमान लिम्बू | दस्तखत |
| कार्यपालिका सदस्य श्री चित्रमाया गुरुङ्ग | दस्तखत |
| कार्यपालिका सदस्य श्री सीता रिजाल | दस्तखत |
| कार्यपालिका सदस्य श्री सानु दास | दस्तखत |
| कार्यपालिका सदस्य श्री इन्दिरा पौडेल क्षेत्री | दस्तखत |
| कार्यपालिका सदस्य श्री सावित्री राई | दस्तखत |
| कार्यपालिका सदस्य श्री पृथसिंह सुनुवार | दस्तखत |
| कार्यपालिका सदस्य श्री श्यामकमल मुखिया | दस्तखत |
| कार्यपालिका सदस्य श्री गीताराम विश्वकर्मा | दस्तखत |
| सचिव, प्र. प्र. अ. श्री महेन्द्रकुमार खाम्याहाङ्ग | दस्तखत |

**अन्य उपस्थिति**

| | |
|---|---|
| १. कर अधिकृत श्री बबुल भक्तराज | दस्तखत |
| २. ईन्जिनियर श्री दीपकप्रसाद गुरागाईं | दस्तखत |

३. लेखा अधिकृत श्री रामकुमार श्रेष्ठ                दस्तखत

**निर्णय नं. १.** नेपालको संविधानको धारा २२९(१) अनुसार इलाम नगरपालिकाको सञ्चित कोषबाट गर्न सकिने खर्च सम्बन्धी व्यवस्थाका लागि इलाम नगरपालिकाको चालु आ. व. २०७४/०७५ को वार्षिक योजना तथा बजेट पहिलो नगर सभा र दोश्रो नगर सभा (संशोधन हुँदा) बाट स्वीकृत हुने समयभन्दा पछाडि विषयगत मन्त्रालयहरुबाट कार्यक्रमको नाम, सञ्चालन गर्ने निकायसमेत उल्लेख गरी इलाम नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई निम्नानुसारको कार्यक्रम र बजेटको खर्च गर्ने अख्तियारी प्राप्त भएकोमा सो कार्यक्रम र बजेट उल्लिखित कार्यक्रम र बजेटमा समावेश गरी तोकिएका शर्तहरुअनुसार कार्यक्रम सञ्चालन गर्ने तथा सो कार्यलाई आगामी नगर सभामा पेश गरी अनुमोदन गराउने व्यवस्था गर्ने निर्णय गरियो ।

**निम्नानुसार**

१. कार्यक्रम सञ्चालन गर्ने निकाय श्री शहिद रत्न बम प्रतिष्ठान, इलामलाई तोकी संस्कृति, पर्यटन तथा नागरिक उड्डयान मन्त्रालय सिंहदरबार, काठमाडौंको च. नं. ३६०, मिति २०७५।०१।०९ को पत्रमार्फत् सँस्कृति प्रबर्द्धन कार्यक्रमअन्तर्गत अन्य खर्च शीर्षक नं. २६४२३, संस्था व्यक्तिलाई पूँजीगत अनुदान खर्च शीर्षक र ब.उ.शि.नं. ३२५११३३ (चालु खर्च) बाट पूजीगत कार्यक्रम सञ्चालन गर्न रु.८०,००,०००।०० (असी लाख) बजेटको अख्तियारी प्राप्त भएकोमा आम्दानीको श्रोत : नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयान मन्त्रालय, आम्दानी रकम रु.८०,००,०००।०० (असी लाख) र कार्यक्रम शहिद रत्न बम प्रतिष्ठान इलामको प्रस्तावअनुसार देउमाई नगरपालिका वडा नं. २ चित्रे र इलाम नगरपालिका वडा नं. १, साखेजुङ्गमा बम वान्तवा सुरुङ्गनिर्माणलगायतको भौतिक पूर्वाधार (कम्पाउण्ड वाल, टिकट घर र म्यूजियम निर्माण) निर्माण तथा व्यवस्थापन र माङ्सेबुङ्ग गाउँपालिका वडा नं. २ इभाङ्गमा रत्न बम स्मारक निर्माण तथा इलाम नगरपालिका वडा नं. ९ मा बम बान्तवा सालिकमा टेवा पर्खाल निर्माण गर्ने कार्यका लागि प्रतिष्ठानसँग एकमुष्टरुपमा संझौता गरी कार्यक्रम सञ्चालन गर्न निर्णय गरियो ।

२. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, नीति, योजना तथा कार्यक्रम शाखा, सिंहदरबार काठमाडौंको च. नं. ९९, मिति २०७४।१२।१६ को पत्र र सोही मन्त्रालयको LMBIS मा उल्लेख भएको ब.उ.शी. नं. ३४०१०२ (महिला सशक्तीकरण कार्यक्रम) अन्तर्गत खर्च शीर्षक २६४१३, LMBIS Code No. ५१८५३८ जोखिमपूर्ण अवस्थामा रहेका महिला तथा युवतीहरुको लागि जीविकोपार्जन गर्ने ( कम्युनिटी एक्सन सेण्टर) रु. २,००,०००।००, LMBIS Code No. ५१८५४१, सेरा सामुदायिक विकास केन्द्र रु. २,००,०००।०० र LMBIS Code No. ५१८५४५, सुकिलुम्बा गरिव अहाय गरिव कोष रु. २,००,०००।०० र ब. उ. शीर्षक नं. ३४०१०५ ( समाजकल्याण कार्यक्रम ) अन्तर्गत खर्च शीर्षक नं. २६४१३, LMBIS Code No. ५१८७०३, महिला दिवा सेवा सञ्चालन (महिला जागरण संघ) रु.३,००,०००।००, LMBIS Code No. ५१८७०४, दिवा सेवा केन्द्र सञ्चालन (ज्येष्ठ नागरिक जिल्ला संघ इलाम), LMBIS Code No. ५१८८३९, दिवा सेवा केन्द्र सञ्चालन (माई भगवती वृद्धाश्रम इलाम) र LMBIS Code No. ५१८८२७, बृद्धाश्रम भवन निर्माण ( माई भगवती वृद्धाश्रम इलाम ) रु. ४,००,०००।०० समेतको जम्मा रु. १४,००,०००।०० ( चौध लाख ) मात्रको आयव्यय समावेश गरी कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २.** इलाम नगरपालिकामा चालु आ. व. २०७४/०७५ मा एक विपद् तथा वातावरण व्यवस्थापनका लागि एक थान ब्याक हु लोडर र फोहरमैला व्यवस्थान प्रयोजनको लागि तीन थान ट्रयाक्टर समेत खरिद गरिएको र साविक फोहरमैला संकलन स्थलका अतिरिक्त नगरपालिकाको वडा नं. १ को बाघखोरदेखि वडा नं. ४ को पुवाखोला, वडा नं. ५ को विब्ल्याँटे वडा नं. ८, ९ हुँदै वडा नं. १० को भालुखोपसम्मको मेची राजमार्गमा महिनैभरि फोहरमैला व्यवस्थापनको लागि सवारी साधन प्रयोग गरिएकोमा भुलबस बजेट निर्माणको समयमा फोहरमैला व्यवस्थापनको लागि इन्धन कार्यक्रम र पर्याप्त बजेट विनियोजन हुन छुट भएकोले चालु तर्फ कर्मचारी तलब भत्ता शीर्षकमा विनियोजन गरिएको रु. ४,२०,००,०००।०० बजेटलाई रु.४,००,००,०००।०० कायम गरी **विपद् तथा वातावरण व्यवस्थापनका लागि सवारी साधन इन्धन रु. १५,००,०००।००** नयाँ कार्यक्रम शीर्षक र बजेट स्वीकृत गर्ने तथा सो तलब भत्ता शीर्षककै रकमबाट पोशाक खर्चमा रु. ५,००,०००।०० रकमान्तर गरी साविक **पोशाक नगरपालिका कर्मचारी** खर्च शीर्षकमा पूर्व विनियोजित रकमलाई **रु.१३,००,०००।००** कायम गरी फिल्डमा खटिने खानेपानी तर्फका प्राविधिक र सरसफाईतर्फका सबै कर्मचारीलाई रेनकोट, गम्बुट आदि पोशाक सम्बद्ध सामग्री स्थानीय बजारबाट खरिद गरी उपलब्ध गराउन निर्णय गरियो ।

**निर्णय नं. ३.** चालु आ. व. २०७४/०७५ मा इलाम नगरपालिकाको वार्षिक कार्यक्रम र बजेट पहिलो नगर सभा र दोश्रो नगर सभाबाट स्वीकृत हुने सन्दर्भमा इलाम नगरपालिकामा विगत वर्षदेखि सञ्चालनमा रहेको घुम्ती कोषको रकम भुलबस समावेश हुन छुट भएकोमा सोलाई समेत योजनाको अभिन्न अंग मानी आगामी आ. व. को कार्यक्रममा अनिवार्यरुपमा समावेश गरी वार्षिक योजना तथा बजेट निर्माण गर्ने र सोसम्बन्धी आवश्यक नीति समेत बनाई कार्यक्रमलाई प्रभावकारी तवरले सञ्चालन गर्न निर्णय गरियो ।

**निर्णय नं. ४.** इलाम नगरपालिकाको आ. व. २०७५/०७६ को वार्षिक योजना तथा बजेट स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा रहेको समय सीमाभित्रै आगमी तेस्रो नगर सभाबाट स्वीकृत गराउने प्रयोजनको लागि सङ्घीय मामिला तथा

सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त वार्षिक योजना तथा बजेट तर्जुमा (परिमार्जन) दिग्दर्शन, २०७४ मा निर्धारित पद्धतिअनुरुप देहायका सात चरण पूरा गरी सम्पन्न गर्न यसअघि प्राप्त वडास्तरीय बजेटबाट समावेशी सामाजिक विकासका कार्यक्रमहरुसहित भौतिक पूर्वाधारका कार्यक्रमहरुको सूची नगर कार्यपालिकाको कार्यालयमा २०७५ साल बैशाख ८ गतेभित्रमा सबै वडा कार्यालयहरुबाट पेश गरिसक्न निर्णय गरियो ।

**<u>तपसिल</u>**

१. बजेट सिलिङ्ग उपलब्ध गराउने,
२. वस्तीस्तरमा छलफल र आयोजना संकलन,
३. वडा समितिबाट निर्णय,
४. विषयगत समितिबाट छलफल तथा अन्तरक्रिया र सिफारिस
५. योजना तर्जुमा समितिबाट निर्णय र नगर कार्यपालिकामा सिफारिस,
६. नगर सभामा स्वीकृतिका लागि नगर कार्यपालिकाबाट निर्णय र
७. नगर सभाबाट स्वीकृति ।

**<u>निर्णय नं. ५.</u>** इलाम नगरपालिकाको आ. व. २०७३/०७४ को विनियोजन, राजस्व, धरौटी र अन्य आर्थिक कारोवारको लेखा र लेखासँग सम्बन्धित कागजातपत्र परीक्षण गरी मिति २०७४।०८।०९ मा प्रारम्भिक प्रतिवेदनका सम्बन्धमा मिति २०७४।०९।२३ मा कार्यालयबाट दिइएको जवाफ, प्रमाण र प्रतिक्रियासमेतको आधारमा महालेखा परीक्षकको कार्यालयको च. नं. १८११, मिति २०७४।१२।२५ को पत्रबाट आ. व. २०७३/०७४ को इलाम नगरपालिकाको रु. ३६ लाख ८४ हजार बेरुजु भएको, जसमा रु. ३ हजार असुलउपर गर्नुपर्ने, रु.३२ लाख ९६ हजार नियमित गर्नुपर्ने र रु.३ लाख ८५ हजार पेश्की फछ्र्यौट गर्नुपर्ने व्यहोरा बैठकमा जानकारी भयो । सो सम्बन्धमा गत सालको बेरुजू शून्य बनाउन आवश्यक निर्णय गर्नुपर्नेमा निर्णय गर्न यस नगर कार्यपालिका बैठकमा पेश गर्न कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं. ६.</u>** सार्वजनिक सडक ऐन, २०३१ मा भएको व्यवस्थाअनुसार सडकको चौडाइ र सडक अधिकार क्षेत्रको बारेमा सेवाग्राही र सेवाप्रदायक दुवैलाई थाहा नभएका कारण इलाम नगरपालिकाको मेची राजमार्ग खण्डको सडकको दायाँ वायाँ तत्कालीन समयमा विभिन्न मितिमा इलाम नगरपालिकाबाट निर्माण अनुमति लिई स्थायी संरचनाहरु (घर तथा गारो) सडक अधिकारक्षेत्रमा निर्माण भएको कारण निर्माण सम्पन्न प्रमाण पत्र उपलब्ध गराउन नसकिएको र सेवाग्राहीलाई समेत मर्का परेका कारण असहज भएको अवस्थामा प्राविधिक खटाई वास्तवमै सो संरचनाले हालको सडकको यातायात आवगमनमा बाधा परेनपरेको कुरा खुलाई प्रतिवेदन लिई, यदि यातायात आवगमनमा बाधा परेको नभएमा घरधनीलाई सो सडक अधिकारक्षेत्रमा निर्मित स्थायी संरचना तोकिएको निकायबाट भत्काउने/हटाउने कार्य भएमा कुनै आर्थिक तथा कानुनी दायित्वको दावी विरोधको अधिकार घर धनीमा नरहेको व्यहोरामा सहमत रहेको कबुलियतनामा गराई तत्कालका लागि निर्माण कार्य सम्पन्न प्रमाण पत्र जारी गर्न नगर कार्यपालिकाको कार्यालयलाई निर्देश गरी हाल परेको व्यावहारिक अप्ठ्यारो हटाउन बाधा अड्काउ फुकाई कामकाज गर्ने गराउने निर्णय गरियो । साथै २०३८/०४० साल अगाडि निर्मित घरलगायतका भौतिक संरचनाको अभिलेख कार्यालयमा नभएको हुँदा सम्बन्धित वडा कार्यालयबाट स्थलगत सर्जमिन गरी पेश भई आएअनुसारको विवरण कार्यालयबाट प्रमाणित गरी सम्बद्ध सेवाग्राहीलाई उपलब्ध गराउन समेत निर्णय गरियो ।

**<u>निर्णय नं. ७.</u>** इलाम नगरपालिका वडा नं. ७ स्थित श्री आदर्श मा. वि. इलामको स्वमित्वमा झापा जिल्ला, अर्जुनधारा नगरपालिका वडा नं. ६ मा रहेको जग्गामा स्थानीयले स्थायी भौतिक संरचना ( पक्की घर ) निर्माण गरी सार्वजनिक जग्गा अतिक्रमण गरेको र सो जग्गा संरक्षण गर्नु यस नगर कार्यपालिकाको दायित्व भएको सन्दर्भमा इलाम नगर कार्यपालिकाको कार्यालयबाट श्री अर्जुनधारा नगर कार्यपालिकाको कार्यालय, झापामा गरिएको पत्राचार र कार्यालयको तर्फबाट स्थलगत भ्रमणमा गएको सदस्यहरुको तर्फबाट टोलीका सदस्य तथा वडाध्यक्ष श्री नरेश श्रेष्ठज्यूबाट भ्रमणक्रममा भएको अर्जुनधारा नगरपालिकाका प्रमुखज्यू, प्रमुख प्रशाकीय अधिकृतज्यू, वडाध्यक्षज्यू, झापा जिल्लाका सहायक प्रमुख जिल्लाअधिकारीज्यू, झापा जिल्लाका जिल्ला समन्वय अधिकारीज्यूसमेतसँग भएको वार्ता, छलफल र अन्तरक्रियाको सार बैठकमा प्रस्तुत भयो । उहाँहरुको सकारात्मक सहयोगको उच्च प्रशंसा गर्दै उल्लिखित सार्वजनिक जग्गा ( सरकारी सम्पत्ति ) को संरक्षण गर्न सहयोगको लागि अर्जुनधारा नगरपालिकाका प्रमुखज्यूलगायतका निकाय र पदाधिकारीहरुसँग निरन्तर छलफल, अन्तरक्रिया जारी राख्ने साथै संरक्षणको लागि ठोस पहल गर्न पुनः अर्जुनधारा नगरापालिका, झापाका प्रमुखज्यू र अर्जुधारा नगर कार्यपालिकाको कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं. ८.</u>** इलाम नगरपालिकाको निर्माणाधीन नगर यातायात गुरुयोजना ( MTMP ) को परामर्शदाताबाट प्रारम्भिक तथा मध्यसमयमा प्रस्तुत गरेको प्रतिवेदनबाट उच्च प्राथमिकतामा रहेका देहायका सडकहरुको विस्तृत परियोजना प्रतिवेदन ( DPR ) तयार गरी आगामी आ. व. मा परिणाममुखी लगानी सुनिश्चित गर्न चालु आ. व. मा विनियोजित बजेटबाट विस्तृत परियोजना प्रस्ताव तयार गराउन अलगअलग परामर्शदाताबाट सेवा खरिद गर्न इलाम नगरपालिका, नगर कार्यपालिकालाई निर्देश गर्ने निर्णय गरियो ।

**<u>तपसिल</u>**

१. भञ्ज्याङ्ग – भाङ्गटार – बेलासे सडक वडा नं. ९ र ११

२. रत्नचोक – इन्टेक – साङ्गरुम्बा सडक वडा नं. ९ र १२

३. रिव्स – सुम्बेक सडक वडा नं. ५ र २

४. तिल्केनी – बज्रदेवी सडक वडा नं. ८

५. मिलगोलाई – वीणापानी सडक पुवमझुवा वडा नं. १ र ३

**निर्णय नं. ९.** चालु आर्थिक वर्ष २०७३/०७४ मा उपभोक्ता समितिबाट आयोजना सञ्चालन गर्न स्ट्रक्चरको काममा आयोजना लागतको २०% र अन्यमा ३०% नगदै लागत सहभागिता कायम भइरहेकोमा उपभोक्ता समितिबाहेक सँस्थागत तथा कामको प्रकृतिअनुसार देहायानुसारको लागत सहभागिता कायम गरी आयोजना कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निम्न**

१. सँस्थागत संझौताको हकमा सँस्थाले आयोजना लागतको १०%,

२. सार्वजनिक निजी साझेदारलाई ५%

३. फोहरमैला व्यवस्थापनका आयोजनामा ५%

**निर्णय नं. १०.** चालु आ. व. २०७४/०७५ मा सञ्चालन हुन गत नगर सभाबाट स्वीकृत देहायका आयोजनाहरु वडा समितिबाट सिफारिस भई आएका देहायका आयोजना ( कार्यक्रमहरु ) निम्नानुसार संशोधन गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निम्न**

| क्र. सं. | सार्विक कार्यक्रम | संशोधित कार्यक्रम | कैफियत |
|---|---|---|---|
| १. | फुलगाछी चियाबारी सडक निर्माण वडा नं. ७ | डाँफे गेष्ट हुँदै इलाम एफ्.एम्.सम्म सडक वडा नं. ७ | रु.१० लाख |

**निर्णय नं. ११.** इलाम नगरपालिका वडा नं. ११ स्थित श्री साङ्ग्रुम्बा माध्यमिक विद्यालयमा आयव्यय दुरुस्त अवस्थामा नहरेको भन्ने सन्दर्भमा सो विद्यालयको आयव्ययको अवस्थाको एकिन विवरण सहितको प्रतिवेदन २०७५ जेठ १५ भित्र पेश गर्न देहायको समिति गठन गर्ने निर्णय गरियो । समितिलाई नियमानुसार दै. भ्र. खर्च सुविधा र एक बैठकको भत्ता सुविधा दिन निर्णय समेत निर्णय गरियो ।

**समिति**

१. प्रशासकीय अधिकृत श्री रामकुमार शाह, इलाम नगर कार्यपालिकाको का., संयोजक

२. शिक्षा अधिकृत श्री डम्बरबहादुर सुवेदी, इलाम नगरपालिका, शिक्षा शाखा, सदस्य

३. प्रमुख प्रशासकीय अधिकृतले तोकेको जिल्लास्थित सरकारी कार्यालयका एकजना लेखापाल, सदस्य

**निर्णय नं. १२.** इलाम नगर कार्यपालिकाको कार्यालयमा हाल कार्यरत प्राविधिक ( इन्जिनियरिङ्ग सेवाका ) कर्मचारीहरु ज्यादै न्यून भई नगर सभाबाट स्वीकृत आयोजनाहरु सञ्चालन गर्न ड्रइङ्ग, डिजाइन, ल. ई., सुपरिवेक्षण तथा अन्य प्राविधिक कार्य गर्न कठीन भएकोले नगर कार्यपालिकाको कर्मचारीको लागि विनियोजित बजेट शीर्षकबाटै र सो बाट अपुग भए करार सेवाका कर्मचारीको लागि तलब भत्ता शीर्षकमा विनियोजित बजेटबाट तलब भत्ता भुक्तानी हुने गरी करार सेवामा नियुक्तिका लागि

इलाम नगरपालिकाको प्राविधिक कर्मचारी व्यवस्थापन कार्यविधि, २०७५ अनुसार नियुक्त गर्न नगर कार्यपालिकाको कार्यालय, इलामबाट ४ (चार) जना सब ईन्जिनियरको विज्ञापन गरिएको व्यहोरा अनुमोदन गरियो । साथै वडा कार्यालयमा करार सेवामा सेवा करार गरिएको कार्यालय सहयोगीहरुको सेवा करार कार्य र सवारी चालक सेवा करार कार्यको समेत अनुमोदन गरियो ।

**निर्णय नं. १३.** देशका सबै स्थानीय तहहरुको सँस्थागत संरचना र भौतिक तथा मानव संसाधन व्यवस्थापन र भौतिक संरचनाको व्यवस्थापन योजनाबद्ध ढंगले गर्नुपर्ने भएतापनि हालको संक्रमणकालका कारण कार्यालयको काम प्रचलित ऐन, नियमानुसार सम्पादन गर्न नसकिएको सन्दर्भमा सार्वजनिक खरिद ऐनको व्यवस्थाअनुसार इलाम बजारमा सीमित आपूर्तिकर्ता भएको र खरिद हुने वस्तु तथा सेवाको पूर्वाअनुमान समेत हुन नसक्ने भएकाले कानुनले तोकेको सीमाभन्दा बढी एकै आपूर्तिकर्ता वा पाटीबाट बस्तु तथा सेवा खरिद गरिएको कार्य व्यावहारिक वाध्यता भएकाले सोलाई अनुमोदन हुन र आ.ले.प. तथा मलेपका सन्दर्भमा स्वीकारका लागि कार्यपालिकाबाट कार्यालयबाट पेश हुन निर्णय गरियो ।

**निर्णय नं. १४.** नेपालको संविधानको धारा २२७ को व्यवस्थाअनुसार प्रदेश नं. १ को प्रदेश सभा सचिवालय विराटनगरबाट गाउँ तथा नगर सभाका सदस्यहरुले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको दफा ३ को उपदफा (१) र दफा ८ को उपदफा (१) सँग सम्बन्धित अनुसूची–१ (ग) मा नगरपालिकाका प्रमुख, उपप्रमुख, वडाध्यक्ष, कार्यपालिका सदस्य तथा वडा सदस्यको लागि तोकिएको सुविधा संविधानको भाग–१९ ( धारा २२८,२२९ र २३० ) को स्थानीय आर्थिक कार्यप्रणालीको कार्य सम्पादन गर्ने स्थानीय व्यवस्थापिका र संविधानको भाग–१७, धारा २१४ को उपधारा (२) अनुसार अनुसूची –८ र ९ मा उल्लिखित संबैधानिक कार्य जिम्मेवारी सम्पादन गर्ने संवैधानिक कार्यकारिणी अधिकार निहित नगर कार्यपालिकाको प्रमुख, उपप्रमुख, वडाध्यक्षसमेतका कार्यपालिका सदस्यलाई दिइएको कार्यपालिकीय जिम्मेवारी र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को कानुनी व्यवस्थाअनुसारको कार्यकारी जिम्मेवारी तोकिएका स्थानीय जनताको नजिकको सरकार नगर कार्यपालिकाका सदस्यलाई वर्तमान बजार मूल्यसमेतलाई कुनै वास्तै नगरी, अन्य प्रदेश सरकारबाट भए गरिएका यस सम्बन्धी व्यवस्थालाई समेत जानकारीमा नलिई गरिएको कानुनी व्यवस्थाबाट सुशासनलाई पूर्ण टेवा पुग्न नसक्ने र स्थानीय जनप्रतिनिधिप्रति प्रदेशको उपेक्षाभाव, यो कार्यपालिका बैठक ठहर गर्दछ । अतः उल्लिखित अनुसूचीमा रहेको व्यवस्थालाई वर्तमान बजार मूल्यको अनुपातमा कृत्रिम विल भर्पाइ बनाउन नपर्ने गरी पारिश्रमिक दर नै तोकेर व्यावहारिक विधेयक बनाउन प्रदेश नं. १ को प्रदेश सभा सचिवालयमा अनुरोध गर्ने तथा नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा समेत प्रदेश नं. १ प्रदेश सभा सचिवालयको ध्यानाकर्षण गराई सहजीकरणका लागि अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५.** इलाम नगरपालिकाको चालु आ. व. २०७४।०७५ मा स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटमा इलामः हाम्रो गौरव कार्यक्रमको कार्य सम्पादन गर्न कार्यालयमा पर्याप्त कर्मचारी नभएको कारण सचिवालयको कामकाज गर्न श्री ललित चौहानलाई सेवा करार गरिएकोमा उक्त कार्यक्रम वि. सं. २०७५ सालभरि नै भव्यरुपमा सञ्चालन गर्न सचिवालयलाई निरन्तरता दिनुपर्ने भएकाले निज श्री चौहानलाई सचिवालयमा रही कामकाज लगाउने र निजको करार सेवालाई कार्यालयबाट निरन्तरता दिन निर्णय गरियो ।

**निर्णय नं. १६.** इलाम नगरपालिकाको आ. व. २०७४।०७५ को स्वीकृत वार्षिक योजना तथा बजेट अनुसारका कार्यक्रम उपभोक्ता समितिसँग संझौता गरी कार्यान्वयन गर्दा सार्वजनिक खरिद नियमावलीको नियम ९७(५) मा एकतिहाइ मात्र पेश्की दिन सकिने भनिएको भएतापनि पर्याप्त प्राविधिक कर्मचारी कार्यालयमा नभएको कारण पटकपटक रनिङ्ग विल बनाउन नसकिने र टाढाटाढाबाट उपभोक्ता आउजाउ गर्न समस्या हुने भएकोले आर्थिक वर्षको अन्त्यमा फछ्र्यौट हुने सुनिश्चितता भएमा प्राविधिकको सिफारिसमा भौतिक पूर्वाधारजन्य आयोजनामा ५०% र सामाजिक विकासतर्फ ७५ % सम्म रकम पेश्की दिई कार्यक्रम कार्यान्वयन गर्न निर्णय गरियो ।

मिति २०७५।०१।३०

आज मिति २०७५।०१।३० गतेका दिन दिउँसो १.०० बजे नेपालको संविधानको धारा २१६ अनुसार गठित इलााम नगरपालिका, नगर कार्यपालिकाको बैठक प्रमुख श्री महेश बस्नेतज्यूको अध्यक्षतामा देहायका कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा बैठक निम्नानुसार बसी निम्नानुसार निर्णय गरियो ।

**उपस्थिति**

| | |
|---|---|
| प्रमुख श्री महेश बस्नेत | दस्तखत |
| का. पा. स., उप प्रमुख श्री सुशिला नेम्वाङ्ग | दस्तखत |
| का. पा. स., वडाध्यक्ष श्री अम्बिका प्रसाद गौतम | दस्तखत |
| का. पा. स., वडाध्यक्ष श्री नारदप्रसाद लम्साल | दस्तखत |
| का. पा. स., वडाध्यक्ष श्री तीर्थराज गुरुङ्ग | दस्तखत |
| का. पा. स., वडाध्यक्ष श्री नूतनदेव दुलाल | दस्तखत |
| का. पा. स., वडाध्यक्ष श्री ठाकुरनारायण श्रेष्ठ | दस्तखत |
| का. पा. स., वडाध्यक्ष श्री माधवप्रसाद भट्टराई | दस्तखत |
| का. पा. स., वडाध्यक्ष श्री नरेश श्रेष्ठ | दस्तखत |
| का. पा. स., वडाध्यक्ष श्री होमबहादुर बस्नेत | दस्तखत |
| का. पा. स., वडाध्यक्ष श्री श्यामकृष्ण घिमिरे | दस्तखत |
| का. पा. स., वडाध्यक्ष श्री रोमबहादुर लुङ्गेली | दस्तखत |
| का. पा. स., वडाध्यक्ष श्री रवीन एक्तेन | दस्तखत |
| का. पा. स., वडाध्यक्ष श्री लाखमान लिम्बू | दस्तखत |
| कार्यपालिका सदस्य श्री चित्रमाया गुरुङ्ग | दस्तखत |
| कार्यपालिका सदस्य श्री सीता रिजाल | दस्तखत |
| कार्यपालिका सदस्य श्री सानु दास | दस्तखत |
| कार्यपालिका सदस्य श्री इन्दिरा पौडेल क्षेत्री | दस्तखत |
| कार्यपालिका सदस्य श्री सावित्री राई | दस्तखत |
| कार्यपालिका सदस्य श्री पृथसिंह सुनुवार | दस्तखत |
| कार्यपालिका सदस्य श्री श्यामकमल मुखिया | दस्तखत |
| कार्यपालिका सदस्य श्री गीताराम विश्वकर्मा | दस्तखत |
| सचिव, प्र. प्र. अ.  श्री महेन्द्रकुमार खाम्याहाङ्ग | दस्तखत |

**अन्य उपस्थिति**

१. कर अधिकृत श्री बबुल भक्तराज दस्तखत

२. ईन्जिनियर श्री दीपकप्रसाद गुरागाईं दस्तखत

३. लेखा अधिकृत श्री रामकुमार श्रेष्ठ दस्तखत

**निर्णय नं. १.** नेपालको संविधानको धारा २२९(१) अनुसार इलाम नगरपालिकाको सञ्चित कोषबाट गर्न सकिने खर्च सम्बन्धी व्यवस्थाका लागि इलाम नगरपालिकाको चालु आ. व. २०७४/०७५ को वार्षिक योजना तथा बजेट पहिलो नगर सभा र दोश्रो नगर सभा (संशोधन हुँदा) बाट स्वीकृत हुने समयभन्दा पछाडि विषयगत मन्त्रालयहरुबाट कार्यक्रमको नाम, सञ्चालन गर्ने निकायसमेत उल्लेख गरी इलाम नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई निम्नानुसारको कार्यक्रम र बजेटको खर्च गर्ने अख्तियारी प्राप्त भएकोमा सो कार्यक्रम र बजेट उल्लिखित कार्यक्रम र बजेटमा समावेश गरी तोकिएका शर्तहरुअनुसार कार्यक्रम सञ्चालन गर्ने तथा सो कार्यलाई आगामी नगर सभामा पेश गरी अनुमोदन गराउने व्यवस्था गर्ने निर्णय गरियो ।

**निम्नानुसार**

१. कार्यक्रम सञ्चालन गर्ने निकाय श्री शहिद रत्न बम प्रतिष्ठान, इलामलाई तोकी संस्कृति, पर्यटन तथा नागरिक उड्डयान मन्त्रालय सिंहदरबार, काठमाडौंको च. नं. ३६०, मिति २०७५।०१।०९ को पत्रमार्फत् सँस्कृति प्रवर्द्धन कार्यक्रमअन्तर्गत अन्य खर्च शीर्षक नं. २६४२३, संस्था व्यक्तिलाई पूँजीगत अनुदान खर्च शीर्षक र ब.उ.शि.नं. ३२५११३३ (चालु खर्च) बाट पूजीगत कार्यक्रम सञ्चालन गर्न रु.८०,००,०००।०० (असी लाख) बजेटको अख्तियारी प्राप्त भएकोमा आम्दानीको श्रोत : नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयान मन्त्रालय, आम्दानी रकम रु.८०,००,०००।०० (असी लाख) र कार्यक्रम शहिद रत्न बम रत्न प्रतिष्ठान इलामको प्रस्तावअनुसार देउमाई नगरपालिका वडा नं. २ चित्रे र इलाम नगरपालिका वडा नं. १, साखेजुङ्गमा बम वान्तवा सुरुङ्गनिर्माणलगायतको भौतिक पूर्वाधार (कम्पाउण्ड वाल, टिकट घर र म्यूजियम निर्माण) निर्माण तथा व्यवस्थापन र माङ्सेबुङ्ग गाउँपालिका वडा नं. २ इभाङ्गमा रत्न बम स्मारक निर्माण तथा इलाम नगरपालिका वडा नं. ९ मा बम बान्तवा सालिकमा टेवा पर्खाल निर्माण गर्ने कार्यका लागि प्रतिष्ठानसँग एकमुष्टरुपमा संझौता गरी कार्यक्रम सञ्चालन गर्न निर्णय गरियो ।

२. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, नीति, योजना तथा कार्यक्रम शाखा, सिंहदरबार काठमाडौंको च. नं. ९९, मिति २०७४।१२।१६ को पत्र र सोही मन्त्रालयको LMBIS मा उल्लेख भएको ब.उ.शी. नं. ३४०१०२ (महिला सशक्तीकरण कार्यक्रम) अन्तर्गत खर्च शीर्षक २६४१३, LMBIS Code No. ५१८५३८ जोखिमपूर्ण अवस्थामा रहेका महिला तथा युवतीहरुको लागि जीविकोपार्जन गर्ने ( कम्युनिटी एक्सन सेण्टर) रु. २,००,०००।००, LMBIS Code No. ५१८५४१, सेरा सामुदायिक विकास केन्द्र रु. २,००,०००।०० र LMBIS Code No. ५१८५४५, सुकिलुम्बा गरिव असहाय कोष रु. २,००,०००।०० र ब. उ. शीर्षक नं. ३४०१०५ ( समाजकल्याण कार्यक्रम ) अन्तर्गत खर्च शीर्षक नं. २६४१३, LMBIS Code No. ५१८७०३, महिला दिवा सेवा सञ्चालन (महिला जागरण संघ) रु.३,००,०००।००, LMBIS Code No. ५१८७०४, दिवा सेवा केन्द्र सञ्चालन (ज्येष्ठ नागरिक जिल्ला संघ इलाम) रु. ३,००,०००।०० LMBIS Code No. ५१८८३९, दिवा सेवा केन्द्र सञ्चालन (माई भगवती वृद्धाश्रम इलाम) र LMBIS Code No. ५१८८२७, बृद्धाश्रम भवन निर्माण (माई भगवती वृद्धाश्रम इलाम) रु. ४,००,०००।०० समेतको जम्मा रु. १४,००,०००।०० ( चौध लाख ) मात्रको आयव्यय समावेश गरी कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २.** इलाम नगरपालिकामा चालु आ. व. २०७४/०७५ मा एक विपद् तथा वातावरण व्यवस्थापनका लागि एक थान ब्याक हु लोडर र फोहरमैला व्यवस्थान प्रयोजनको लागि तीन थान ट्र्याक्टर समेत खरिद गरिएको र साविक फोहरमैला संकलन स्थलका अतिरिक्त नगरपालिकाको वडा नं. १ को बाघखोरदेखि वडा नं. ४ को पुवाखोला, वडा नं. ५ को विब्ल्याँटे वडा नं. ८, ९ हुँदै वडा नं. १० को भालुखोपसम्मको मेची राजमार्गमा महिनैभरि फोहरमैला व्यवस्थापनको लागि सवारी साधन प्रयोग गरिएकोमा भुलबस बजेट निर्माणको समयमा फोहरमैला व्यवस्थापनको लागि इन्धन कार्यक्रम र पर्याप्त बजेट विनियोजन हुन छुट भएकोले चालु तर्फ कर्मचारी तलब भत्ता शीर्षकमा विनियोजन गरिएको रु. ४,२०,००,०००।०० बजेटलाई रु.४,००,००,०००।०० कायम गरी **विपद् तथा वातावरण व्यवस्थापनका लागि सवारी साधन इन्धन रु. १५,००,०००।००** नयाँ कार्यक्रम शीर्षक र बजेट स्वीकृत गर्ने तथा सो तलब भत्ता शीर्षककै रकमबाट पोशाक खर्चमा रु. ५,००,०००।०० रकमान्तर गरी साविक **पोशाक नगरपालिका कर्मचारी** खर्च शीर्षकमा पूर्व विनियोजित रकमलाई **रु.१३,००,०००।००** कायम गरी फिल्डमा खटिने खानेपानी तर्फका प्राविधिक र सरसफाईतर्फका सबै कर्मचारीलाई रेनकोट, गम्बुट आदि पोशाक सम्बद्ध सामग्री स्थानीय बजारबाट खरिद गरी उपलब्ध गराउन निर्णय गरियो ।

**निर्णय नं. ३.** चालु आ. व. २०७४/०७५ मा इलाम नगरपालिकाको वार्षिक कार्यक्रम र बजेट पहिलो नगर सभा र दोश्रो नगर सभाबाट स्वीकृत हुने सन्दर्भमा इलाम नगरपालिकामा विगत वर्षदेखि सञ्चालनमा रहेको घुम्ती कोषको रकम भुलबस

समावेश हुन छुट भएकोमा सोलाई समेत योजनाको अभिन्न अंग मानी आगामी आ. व. को कार्यक्रममा अनिवार्यरुपमा समावेश गरी वार्षिक योजना तथा बजेट निर्माण गर्ने र सोसम्बन्धी आवश्यक नीति समेत बनाई कार्यक्रमलाई प्रभावकारी तवरले सञ्चालन गर्न निर्णय गरियो ।

**निर्णय नं. ४.** इलाम नगरपालिकाको आ. व. २०७५/०७६ को वार्षिक योजना तथा बजेट स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा रहेको समय सीमाभित्रै आगमी तेस्रो नगर सभाबाट स्वीकृत गराउने प्रयोजनको लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त वार्षिक योजना तथा बजेट तर्जुमा (परिमार्जन) दिग्दर्शन, २०७४ मा निर्धारित पद्धतिअनुरुप देहायका सात चरण पूरा गरी सम्पन्न गर्न यसअघि प्राप्त वडास्तरीय बजेटबाट समावेशी सामाजिक विकासका कार्यक्रमहरुसहित भौतिक पूर्वाधारका कार्यक्रमहरुको सूची नगर कार्यपालिकाको कार्यालयमा २०७५ साल बैशाख ८ गतेभित्रमा सबै वडा कार्यालयहरुबाट पेश गरिसक्न निर्णय गरियो ।

**तपसिल**

१. बजेट सिलिङ्ग उपलब्ध गराउने,
२. वस्तीस्तरमा छलफल र आयोजना संकलन,
३. वडा समितिबाट निर्णय,
४. विषयगत समितिबाट छलफल तथा अन्तरक्रिया र सिफारिस
५. योजना तर्जुमा समितिबाट निर्णय र नगर कार्यपालिकामा सिफारिस,
६. नगर सभामा स्वीकृतिका लागि नगर कार्यपालिकाबाट निर्णय र
७. नगर सभाबाट स्वीकृति ।

**निर्णय नं. ५.** इलाम नगरपालिकाको आ. व. २०७३/०७४ को विनियोजन, राजस्व, धरौटी र अन्य आर्थिक कारोवारको लेखा र लेखासँग सम्बन्धित कागजातपत्र परीक्षण गरी मिति २०७४।०८।०९ मा प्रारम्भिक प्रतिवेदनका सम्बन्धमा मिति २०७४।०९।२३ मा कार्यालयबाट दिइएको जवाफ, प्रमाण र प्रतिक्रियासमेतको आधारमा महालेखा परीक्षकको कार्यालयको च. नं. १८११, मिति २०७४।१२।२५ को पत्रबाट आ. व. २०७३/०७४ को इलाम नगरपालिकाको रु. ३६ लाख ८४ हजार बेरुजु भएको, जसमा रु. ३ हजार असुलउपर गर्नुपर्ने, रु.३२ लाख ९६ हजार नियमित गर्नुपर्ने र रु.३ लाख ८५ हजार पेश्की फछ्र्यौट गर्नुपर्ने व्यहोरा बैठकमा जानकारी भयो । सो सम्बन्धमा गत सालको बेरुजू शून्य बनाउन आवश्यक निर्णय गर्नुपर्नेमा निर्णय गर्न यस नगर कार्यपालिका बैठकमा पेश गर्न कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६.** सार्वजनिक सडक ऐन, २०३१ मा भएको व्यवस्थाअनुसार सडकको चौडाइ र सडक अधिकार क्षेत्रको बारेमा सेवाग्राही र सेवाप्रदायक दुवैलाई थाहा नभएका कारण इलाम नगरपालिकाको मेची राजमार्ग खण्डको सडकको दायाँ वायाँ तत्कालीन समयमा विभिन्न मितिमा इलाम नगरपालिकाबाट निर्माण अनुमति लिई स्थायी संरचनाहरु (घर तथा गारो) सडक अधिकारक्षेत्रमा निर्माण भएको कारण निर्माण सम्पन्न प्रमाण पत्र उपलब्ध गराउन नसकिएको र सेवाग्राहीलाई समेत मर्का परेका कारण असहज भएको अवस्थामा प्राविधिक खटाई वास्तवमै सो संरचनाले हालको सडकको यातायात आवगमनमा बाधा परेनपरेको कुरा खुलाई प्रतिवेदन लिई, यदि यातायात आवगमनमा बाधा परेको नभएमा घरधनीलाई सो सडक अधिकारक्षेत्रमा निर्मित स्थायी संरचना तोकिएको निकायबाट भत्काउने/हटाउने कार्य भएमा कुनै आर्थिक तथा कानुनी दायित्वको दावी विरोधको अधिकार घर धनीमा नरहेको व्यहोरामा सहमत रहेको कबुलियतनामा गराई तत्कालका लागि निर्माण कार्य सम्पन्न प्रमाण पत्र जारी गर्न नगर कार्यपालिकाको कार्यालयलाई निर्देश गरी हाल परेको व्यावहारिक अप्ठ्यारो हटाउन बाधा अड्काउ फुकाई कामकाज गर्ने गराउने निर्णय गरियो । साथै २०३८/०४० साल अगाडि निर्मित घरलगायतका भौतिक संरचनाको अभिलेख कार्यालयमा नभएको हुँदा सम्बन्धित वडा कार्यालयबाट स्थलगत सर्जमिन गरी पेश भई आएअनुसारको विवरण कार्यालयबाट प्रमाणित गरी सम्बद्ध सेवाग्राहीलाई उपलब्ध गराउन समेत निर्णय गरियो ।

**निर्णय नं. ७.** इलाम नगरपालिका वडा नं. ७ स्थित श्री आदर्श मा. वि. इलामको स्वमित्वमा झापा जिल्ला, अर्जुनधारा नगरपालिका वडा नं. ६ मा रहेको जग्गामा स्थानीयले स्थायी भौतिक संरचना (पक्की घर) निर्माण गरी सार्वजनिक जग्गा अतिक्रमण गरेको र सो जग्गा संरक्षण गर्नु यस नगर कार्यपालिकाको दायित्व भएको सन्दर्भमा इलाम नगर कार्यपालिकाको कार्यालयबाट श्री अर्जुनधारा नगर कार्यपालिकाको कार्यालय, झापामा गरिएको पत्राचार र कार्यालयको तर्फबाट स्थलगत भ्रमणमा गएको सदस्यहरुको तर्फबाट टोलीका सदस्य तथा वडाध्यक्ष श्री नरेश श्रेष्ठज्यूबाट भ्रमणक्रममा भएको अर्जुनधारा नगरपालिकाका प्रमुखज्यू, प्रमुख प्रशाकीय अधिकृतज्यू, वडाध्यक्षज्यू, झापा जिल्लाका सहायक प्रमुख जिल्लाअधिकारीज्यू, झापा जिल्लाका जिल्ला समन्वय अधिकारीज्यूसमेतसँग भएको वार्ता, छलफल र अन्तरक्रियाको सार बैठकमा प्रस्तुत भयो । उहाँहरुको सकारात्मक सहयोगको उच्च प्रशंसा गर्दै उल्लिखित सार्वजनिक जग्गा ( सरकारी सम्पत्ति ) को संरक्षण गर्न सहयोगको लागि अर्जुनधारा नगरपालिकाका प्रमुखज्यूलगायतका निकाय र पदाधिकारीहरुसँग निरन्तर छलफल, अन्तरक्रिया जारी राख्ने साथै संरक्षणको लागि ठोस पहल गर्न पुनः अर्जुनधारा नगरापालिका, झापाका प्रमुखज्यू र अर्जुधारा नगर कार्यपालिकाको कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८.** इलाम नगरपालिकाको निर्माणाधीन नगर यातायात गुरुयोजना ( MTMP ) को परामर्शदाताबाट प्रारम्भिक तथा मध्यसमयमा प्रस्तुत गरेको प्रतिवेदनबाट उच्च प्राथमिकतामा रहेका देहायका सडकहरुको विस्तृत परियोजना प्रतिवेदन ( DPR ) तयार गरी आगामी आ. व. मा परिणाममुखी लगानी सुनिश्चित गर्न चालु आ. व. मा विनियोजित बजेटबाट विस्तृत परियोजना प्रस्ताव तयार गराउन अलगअलग परामर्शदाताबाट सेवा खरिद गर्न इलाम नगरपालिका, नगर कार्यपालिकालाई निर्देश गर्ने निर्णय गरियो ।

**तपसिल**

१. भञ्ज्याङ्ग – भाङ्गटार – बेलासे सडक वडा नं. ९ र ११

२. रत्नचोक – इन्टेक – साङ्गरुम्बा सडक वडा नं. ९ र १२

३. रिव्स – सुम्बेक सडक वडा नं. ५ र २

४. तिल्केनी – बज्रदेवी सडक वडा नं. ८

५. मिलगोलाई – वीणापानी सडक पुवमझुवा वडा नं. १ र ३

**निर्णय नं. ९.** चालु आर्थिक वर्ष २०७३/०७४ मा उपभोक्ता समितिबाट आयोजना सञ्चालन गर्न स्ट्रक्चरको काममा आयोजना लागतको २०% र अन्यमा ३०% नगदै लागत सहभागिता कायम भइरहेकोमा उपभोक्ता समितिबाहेक सँस्थागत तथा कामको प्रकृतिअनुसार देहायानुसारको लागत सहभागिता कायम गरी आयोजना कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निम्न**

१. सँस्थागत संझौताको हकमा सँस्थाले आयोजना लागतको १०%,

२. सार्वजनिक निजी साझेदारलाई ५%

३. फोहरमैला व्यवस्थापनका आयोजनामा ५%

**निर्णय नं. १०.** चालु आ. व. २०७४/०७५ मा सञ्चालन हुन गत नगर सभाबाट स्वीकृत देहायका आयोजनाहरु वडा समितिबाट सिफारिस भई आएका देहायका आयोजना ( कार्यक्रमहरु ) निम्नानुसार संशोधन गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निम्न**

| क्र. सं. | साविक कार्यक्रम | संशोधित कार्यक्रम | कैफियत |
|---|---|---|---|
| १. | फुलगाछी चियाबारी सडक निर्माण वडा नं. ७ | डाँफे गेष्ट हुँदै इलाम एफ्.एम्.सम्म सडक वडा नं. ७ | रु.१० लाख |

**निर्णय नं. ११.** इलाम नगरपालिका वडा नं. ११ स्थित श्री साङ्ग्रुम्बा माध्यमिक विद्यालयमा आयव्यय दुरुस्त अवस्थामा नहरेको भन्ने सन्दर्भमा सो विद्यालयको आयव्ययको अवस्थाको एकिन विवरण सहितको प्रतिवेदन २०७५ जेठ १५ भित्र पेश गर्न देहायको समिति गठन गर्ने निर्णय गरियो । समितिलाई नियमानुसार दै. भ्र. खर्च सुविधा र एक बैठकको भत्ता सुविधा दिन निर्णय समेत निर्णय गरियो ।

**समिति**

१. प्रशासकीय अधिकृत श्री रामकुमार शाह, इलाम नगर कार्यपालिकाको का., संयोजक

२. शिक्षा अधिकृत श्री डम्बरबहादुर सुवेदी, इलाम नगरपालिका, शिक्षा शाखा, सदस्य

३. प्रमुख प्रशासकीय अधिकृतले तोकेको जिल्लास्थित सरकारी कार्यालयका

एकजना लेखापाल, सदस्य

**<u>निर्णय नं. १२.</u>** इलाम नगर कार्यपालिकाको कार्यालयमा हाल कार्यरत प्राविधिक ( इन्जिनियरिङ्ग सेवाका ) कर्मचारीहरु ज्यादै न्यून भई नगर सभाबाट स्वीकृत आयोजनाहरु सञ्चालन गर्न ड्रइङ्ग, डिजाइन, ल. ई., सुपरिवेक्षण तथा अन्य प्राविधिक कार्य गर्न कठीन भएकोले नगर कार्यपालिकाको कर्मचारीको लागि विनियोजित बजेट शीर्षकबाटै र सो बाट अपुग भए करार सेवाका कर्मचारीको लागि तलब भत्ता शीर्षकमा विनियोजित बजेटबाट तलब भत्ता भुक्तानी हुने गरी करार सेवामा नियुक्तिका लागि इलाम नगरपालिकाको प्राविधिक कर्मचारी व्यवस्थापन कार्यविधि, २०७५ अनुसार नियुक्त गर्न नगर कार्यपालिकाको कार्यालय, इलामबाट ४ (चार) जना सब ईन्जिनियरको विज्ञापन गरिएको व्यहोरा अनुमोदन गरियो । साथै वडा कार्यालयमा करार सेवामा सेवा करार गरिएको कार्यालय सहयोगीहरुको सेवा करार कार्य र सवारी चालक सेवा करार कार्यको समेत अनुमोदन गरियो ।

**<u>निर्णय नं. १३.</u>** देशका सबै स्थानीय तहहरुको सँस्थागत संरचना र भौतिक तथा मानव संसाधन व्यवस्थापन र भौतिक संरचनाको व्यवस्थापन योजनाबद्ध ढंगले गर्नुपर्ने भएतापनि हालको संक्रमणकालका कारण कार्यालयको काम प्रचलित ऐन, नियमानुसार सम्पादन गर्न नसकिएको सन्दर्भमा सार्वजनिक खरिद ऐनको व्यवस्थाअनुसार इलाम बजारमा सीति आपूर्तिकर्ता भएको र खरिद हुने वस्तु तथा सेवाको पूर्वाअनुमान समेत हुन नसक्ने भएकाले कानुनले तोकेको सीमाभन्दा बढी एकै आपूर्तिकर्ता वा पाटीबाट बस्तु तथा सेवा खरिद गरिएको कार्य व्यावहारिक वाध्यता भएकाले सोलाई अनुमोदन हुन र आ.ले.प. तथा मलेपका सन्दर्भमा स्वीकारका लागि कार्यपालिकाबाट कार्यालयबाट पेश हुन निर्णय गरियो ।

**<u>निर्णय नं. १४.</u>** नेपालको संविधानको धारा २२७ को व्यवस्थाअनुसार प्रदेश नं. १ को प्रदेश सभा सचिवालय विराटनगरबाट गाउँ तथा नगर सभाका सदस्यहरुले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको दफा ३ को उपदफा (१) र दफा ८ को उपदफा (१) सँग सम्बन्धित अनुसूची–१ (ग) मा नगरपालिकाका प्रमुख, उपप्रमुख, वडाध्यक्ष, कार्यपालिका सदस्य तथा वडा सदस्यको लागि तोकिएको सुविधा संविधानको भाग–१९ ( धारा २२८,२२९ र २३० ) को स्थानीय आर्थिक कार्यप्रणालीको कार्य सम्पादन गर्ने स्थानीय व्यवस्थापिका र संविधानको भाग–१७, धारा २१४ को उपधारा (२) अनुसार अनुसूची –८ र ९ मा उल्लिखित संबैधानिक कार्य जिम्मेवारी सम्पादन गर्ने संवैधानिक कार्यकारिणी अधिकार निहित नगर कार्यपालिकाको प्रमुख, उपप्रमुख, वडाध्यक्षसमेतका कार्यपालिका सदस्यलाई दिइएको कार्यपालिकीय जिम्मेवारी र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को कानुनी व्यवस्थाअनुसारको कार्यकारी जिम्मेवारी तोकिएका स्थानीय जनताको नजिकको सरकार नगर कार्यपालिकाका सदस्यलाई वर्तमान बजार मूल्यसमेतलाई कुनै वास्तै नगरी, अन्य प्रदेश सरकारबाट भए गरिएका यस सम्बन्धी व्यवस्थालाई समेत जानकारीमा नलिई गरिएको कानुनी व्यवस्थाबाट सुशासनलाई पूर्ण टेवा पुग्न नसक्ने र स्थानीय जनप्रतिनिधिप्रति प्रदेशको उपेक्षाभाव, यो कार्यपालिका बैठक ठहर गर्दछ । अतः उल्लिखित अनुसूचीमा रहेको व्यवस्थालाई वर्तमान बजार मूल्यको अनुपातमा कृत्रिम विल भर्पाइ बनाउन नपर्ने गरी पारिश्रमिक दर नै तोकेर व्यावहारिक विधेयक बनाउन प्रदेश नं. १ को प्रदेश सभा सचिवालयमा अनुरोध गर्ने तथा नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा समेत प्रदेश नं. १ प्रदेश सभा सचिवालयको ध्यानाकर्षण गराई सहजीकरणका लागि अनुरोध गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं. १५.</u>** इलाम नगरपालिकाको चालु आ. व. २०७४।०७५ मा स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटमा इलामः हाम्रो गौरव कार्यक्रमको कार्य सम्पादन गर्न कार्यालयमा पर्याप्त कर्मचारी नभएको कारण सचिवालयको कामकाज गर्न श्री ललित चौहानलाई सेवा करार गरिएकोमा उक्त कार्यक्रम वि. सं. २०७५ सालभरि नै भव्यरुपमा सञ्चालन गर्न सचिवालयलाई निरन्तरता दिनुपर्ने भएकाले निज श्री चौहानलाई सचिवालयमा रही कामकाज लगाउने र निजको करार सेवालाई कार्यालयबाट निरन्तरता दिन निर्णय गरियो ।

**<u>निर्णय नं. १६.</u>** इलाम नगरपालिकाको आ. व. २०७४।०७५ को स्वीकृत वार्षिक योजना तथा बजेट अनुसारका कार्यक्रम उपभोक्ता समितिसँग संझौता गरी कार्यान्वयन गर्दा सार्वजनिक खरिद नियमावलीको नियम ९७(५) मा एकतिहाइ मात्र पेश्की दिन सकिने भनिएको भएतापनि पर्याप्त प्राविधिक कर्मचारी कार्यालयमा नभएको कारण पटकपटक रनिङ्ग विल बनाउन नसकिने र टाढाटाढाबाट उपभोक्ता आउजाउ गर्न समस्या हुने भएकोले आर्थिक वर्षको अन्त्यमा फछ्र्यौट हुने सुनिश्चितता भएमा प्राविधिकको सिफारिसमा भौतिक पूर्वाधारजन्य आयोजनामा ५०% र सामाजिक विकासतर्फ ७५ % सम्म रकम पेश्की दिई कार्यक्रम कार्यान्वयन गर्न निर्णय गरियो ।